# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०४ जुलाई २०२५

समयः १८:५० - १६:०० बजे

## मुख्य समाचार

- दक्षिण कोलकाता **ल** कलेजमा एक जना छात्रासित भएको सामूहिक दुस्कर्मको मामिलामा कोलकाता पुलिसले आज बिहान घटनास्थलमा पुगेर घटनालाई पुन: जाच गरेको छ।

- आज स्वामी विवेकानन्दको पुण्यतिथिको अवसरमा मुख्यमन्त्री ममता ब्यानर्जीले उहाँलाई भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ।

- सिलगढीमा पहिलोपल्ट ऐतिहासिक ‘टोय ट्रेन दिवस’ पालन गरियो| यस अवसरमा जीटिए प्रमुख कार्यपाल अनित थापाले एक प्रेस विज्ञप्ति जारी गर्नुहुदै सबै मानिसहरुलाई सुभकामना दिनुभएको छ|

- आदि पत्रकार एवं नेपाली भाषामा बाईबल अनुवाद गर्ने पाद्री गङ्गाप्रसाद प्रधानको 174 औं जन्म जयन्ती गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा सम्पन्न भएको छ।

- पश्चिम बंगालमा मौसमको स्वरूप बिग्रिंदै गइरहेको छ।

## ल कलेज कोलकाता

दक्षिण कोलकाता **ल** कलेजमा एक जना छात्रासित भएको सामूहिक दुस्कर्मको मामिलामा कोलकाता पुलिसले आज बिहान घटनास्थलमा पुगेर घटनालाई पुन: जाच गरेको छ। यसावधि चारै जना आरोपीहरूलाई कलेजमा लगियो जहाँ लगभग चार घण्टासम्म यो जांच प्रक्रिया चल्यो। भारी पुलिस बलको सुरक्षाबीच विहानीपख चारै आरोपीहरूको उपस्थितिमा सम्पूर्ण घटनालाई पुनर्निर्माण गरियो जसपश्चात सबैलाई पुलिस थानामा लगियो। एक जना पुलिस अधिकारीले बताए, "यो प्रक्रिया जाँचको महत्वपूर्ण भाग हो। आज घटनास्थलको पुनर्निर्माणको कार्य पूरा गरिएको छ। अब हाम्रो टीमले पीड़िताको बयानलाई अन्य साक्षीहरूसित दाँजिरहेको छ।" पुलिस सूत्र अनुसार आरोपी मनोजीत मिश्राको नेतृत्वमा यो अपराधलाई गत 25 जूनको साँझ कलेज परिसरमा परिणाम दिइएको थियो। सिकायत अनुसार घटना लगभग तीन घण्टासम्म भयो र यसमा कलेज परिसरका केही स्थानहरूलाई प्रयोग गरिएको थियो जसमा सुरक्षा गार्डको कक्ष पनि सामेल रहेको छ।यस मामिलाको जाँच कोलकाता पुलिसको डिटेक्टिभ डिपार्टमेन्टले गरिरहेकोछ।

## कसबा ल कलेज

कसबा **ल** कलेजकी छात्रामाथि भएको क्रूरता प्रति सम्पूर्ण राज्यमा आक्रोश छ। घटनालाई लिएर सम्पूर्ण राज्यमा आन्दोलन र प्रदर्शनहरु चलिरहेको छ। आज यस घटनाको कडा निन्दा गर्दै, सिलगढी बार एसोसिएसनले पनि प्रदर्शन गरेको छ। बार एसोसिएसनका सदस्यहरूले हातमा प्लेकार्ड लिएर सिलगढी अदालत परिसरमा विरोध प्रदर्शन गरेका छन् र आरोपीलाई कडा भन्दा कडा सजायको माग गरेका छन्।सिलगढी बार एसोसिएसनका सचिव सन्दीप दासले, यो केवल एक वकिलमाथिको आक्रमण मात्र होइन, यो सम्पूर्ण कानुनी प्रणालीमाथिको आक्रमण हो। हामी यस घटनाको कडा विरोध गर्छौं र दोषीहरूलाई कडा सजायको माग गर्छौं भनि बताएका छन्|

## विवेकानन्द जयन्ती मुख्यमन्त्री

आज स्वामी विवेकानन्दको पुण्यतिथिको अवसरमा मुख्यमन्त्री ममता ब्यानर्जीले उहाँलाई भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ। मुख्यमन्त्रीले, स्वामी विवेकानन्द एकजना महान सन्यासी मात्र होइनन, उहाँ एक जना साँचो देशभक्त पनि थिए जसको आदर्श आज पनि त्यति नै प्रासंगिक छ जति त्यस समय थियो" भनि बताउनुभएको छ| मुख्यमन्त्रीले एक सोशल मीडिया पोस्टमा, स्वामीजीले दिनुभएको विश्व बन्धुत्व अनि शान्तिको सन्देश आज पनि त्यति नै आवश्यक रहेको बताउनुभएको छ। मुख्यमन्त्रीले कोलकाताको न्यू टाउन क्षेत्रमा विवेकानन्दको आदर्श अनि दर्शनमाथि आधारित 'विवेक तिर्थ' नामक एक शैक्षणिक तथा सांस्कृतिक केन्द्र स्थापना गरिँदैछ जसको लागि जमीन र निर्माणको केही लागत राज्य सरकारले वहन गरेको पनि उल्लेख गर्नुभयो ।

**डा. शान्तनु सेन**

पश्चिम बंगाल मेडिकल काउन्सिलले तृणमूल कंग्रेसका पूर्व राज्यसभा सांसद अनि चिकित्सक डा. शान्तनु सेनको मेडिकल पञ्जीकरणलाई दुई वर्षको लागि निलम्बित गरिदिएको छ। निलम्बनको अवधिभरि उनले आफ्नो नाममा 'डा.' उपसर्गलाई जोड्न सक्ने छैनन्, न त कुनै रोगीलाई औषधिको पर्चा लेख्न सक्नेछन्। डा. सेनको लेटरहेडमा फेलो अफ द रोयल कलेज अफ फिजिशियन्स (ग्लास्गो)- को डिग्री उल्लेख गरिए बापत यो कारबाही गरिएको हो जसलाई उनले राज्य चिकित्सा परिषदमा विधिवत पञ्जीकरण गराएका थिएनन्। गए बिहीवार अबेर साँझ जारी परिषदका प्रवक्ताको बयान अनुसार ग्लास्गोस्थित संस्थालाई यस योग्यताको पुष्टिको लागि ई-मेल पठाइएको थियो, तर त्यहाँबाट कुनै उत्तर आएन। डा. सेन स्वयं आर.जी. कर मेडिकल कलेज एण्ड हस्पिटलका पूर्व छात्र हुन् भने विगत लामो समयसम्म राज्य सरकारका प्रतिनिधिको रूपमा मेडिकल काउन्सिलसित पनि आबद्ध रहिसकेका छन्। तर पछिल्लो वर्ष आरजी कर अस्पतालमा भएको बलात्कार तथा हत्याको घटनालाई लिएर उनको पार्टी नेतृत्वसित मतभेद भएको थियो। त्यसबेला उनलाई पार्टीबाट निलम्बन गरियो र पछि परिषदबाट पनि हटाइयो। यस घटनाक्रममाथि प्रतिक्रिया व्यक्त गर्दै डा. सेनले भने, उनी विरूद्ध गरिएको यो कारबाही कतिपय मानिसहरूको व्यक्तिगत दुर्भावनाको परिणाम हो। उनले दाबी गरे, मैले यस डिग्रीलाई पञ्जीकृत गराउनको लागि सबै आवश्यक दस्तावेज तथा दश हजार रुपियाँ फिस जमा गरेको थिए।

**अनित थापा**

GTA प्रमुख कार्यपाल अनित थापाले एक प्रेस विज्ञप्ति जारी गर्नुहुदै प्रसिद्ध दार्जिलिङ हिमालयन रेलवे 144 वर्ष पुग्यो यस ऐतिहासिक दिनमा दार्जिलिङ पहाडका जनताहरू र सबै रेलप्रेमीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

**टोय ट्रेन दिवस**

सिलगुडीमा ऐतिहासिक 'टोय ट्रेन दिवस' पहिलोपटक मनाइयो।सन् १८८१ जुलाई ४ मा पहिलोपटक सिलगुडीबाट दार्जीलिङतर्फ टोय ट्रेन चलेको ऐतिहासिक दिनको स्मरणमा, यसवर्ष पहिलोपटक 'टोय ट्रेन दिवस' मनाइएको छ।
दार्जीलिङ हिमालयन रेलवे र नर्थ बेंगाल पेन्टर्स एसोसिएशनको संयुक्त आयोजनामा सुकना स्टेशन, सिलगुडीमा चित्रकला प्रदर्शनी, चित्र प्रतियोगिता र परम्परागत टोय ट्रेन प्रदर्शनी जस्ता कार्यक्रमहरू आयोजना गरिएको थियो। कार्यक्रममा सयभन्दा बढी विद्यार्थी र चित्रकारहरू सहभागी थिए। आगन्तुकहरूले टोय ट्रेनमा छोटो यात्रा र फोटो सेसनको मजा पनि लिएका थिए। ट्राफिक इन्स्पेक्टर चन्दन कुमार रॉय, स्टेशन म्यानेजर र अन्य पदाधिकारीहरूको उपस्थिति रहेको सो कार्यक्रममा, आयोजकहरूले यस दिवसलाई हरेक वर्ष भव्य रूपमा मनाउने योजना रहेको जानकारी दिएका छन्।

**पाद्री गङ्गाप्रसाद प्रधान**

आदि पत्रकार एवं नेपाली भाषामा बाईबल अनुवाद गर्ने पाद्री गङ्गाप्रसाद प्रधानको 174 औं जन्म जयन्ती गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा श्रध्दाञ्जली कार्यक्रमलो रुपमा सम्पन्न भएको छ। उक्त जन्म जयन्ती कार्यक्रम खरसाङको पंखाबारी रोडस्थित गोर्खा जातीय विभूति उद्यानमा रहेको पाद्री गङ्गाप्रसाद प्रधानको सालिगमा पालन गरिएको छ। उक्त कार्यक्रम गोर्खा जनपुस्तकालय खरसाङको सभापति रबीनकुनार प्रधानको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा पुस्तकालयका सदस्यहरु उपस्थित भएर पाद्री गङ्गाप्रसाद प्रधानको सालिगमा धुप दीप प्रज्ज्वलन साथै पुष्पाञ्जली अर्पण गरेर माल्यार्पण गरेर

श्रध्दाञ्जली अर्पण गरिएको छ। यसपालीको खरसाङमा पाद्री गङ्गाप्रसाद प्रधानको जन्म जयन्ती भव्य रूपमा नगरेर सामान्य रूपमा श्रध्दाञ्जली अर्पण गर्दै पालन गरिएको छ। यस अवसरमा पाद्री गङ्गाप्रसाद प्रधानको जीवनी विषयमा साहित्यकार ऋषि राईले वक्तव्य राखेका थिए। कार्यक्रममा सभाध्यक्ष रबीनकुमार प्रधानले पनि वक्तव्य राखेका थिए।

**सेभ ड्राइभ सेफ लाइभ**

सोनादा ट्राफिक पुलिसको आयोजनामा सेभ ड्राइभ सेफ लाइभ अन्तर्गत ट्राफिक जनचेतना कार्यक्रम सम्पन्न भएको छ। सोनादा ट्राफिक पुलिसद्वारा आयोजना गरिएको यस सचेतना कार्यक्रममा सोनादा क्षेत्रका विभिन्न स्कूलका विद्यार्थीहरुलाई लिएर ट्राफिक सचेतना रैलीको आयोजना गरिएको छ। उक्त ट्राफिक सचेतना रैली सरस्वती डाँडादेखि शुरु भएर सोनादा रेलवे स्टेशन साथै चौकीडाँडा हुँदै पेट्रोल पम्प हुँदै सोनादा रेलवे स्टेशनमा आएर रैलीको समापन गरिएको छ। यस ट्राफिक सचेतना रैलीमा सोनादा ट्राफिक पुलिसको ट्राफिक ओसी सबिन दर्नाल, सोनादा पुलिस आउट पोष्टको ओसी योगेस ठकुरी साथै अन्य पुलिस अधिकारीहरु, विद्यार्थीहरु र स्थानीयहरु उपस्थित रहेका थिए। उक्त ट्राफिक सचेतना रैली विषयमा पत्रकारहरुसित कुराकानी गर्दै सोनादा ट्राफिक पुलिस ओसी सबिन दर्नालले गत 1 जुलाईदेखि 8 जुलाईसम्म सोनादा ट्राफिक पुलिसको आयोजनामा ट्राफिक सचेतना सप्ताह पालन गरिरहेको छ जसलाई कोलकाताबाट निर्देशन आएको बताएका छन्। उहाँले यस सप्ताहव्यापी ट्राफिक सचेतना कार्यक्रम अन्तर्गत ट्राफिक र ड्रग्सलाई लिएर विभिन्न स्थानहरुमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु आयोजना गरिने जानकारी गराएका छन्।

**मौसम**

पश्चिम बंगालमा मौसमको स्वरूप बिग्रिंदै गइरहेको छ। ओडिशा र संलग्न पश्चिम बंगाल माथि निर्मित चक्रवाती दबाव अनि पूर्व-पश्चिम ट्रफ रेखाको प्रभावबाट राज्यभरि नै वर्षाको गतिविधि तीव्र भएको छ। अलिपुर मौसम विभाग अनुसार शुक्रवारदेखि आइतवारसम्म दक्षिण बंगालका केही जिल्लाहरूमा भारी वर्षा हुने सम्भावना छ। यस अवधि मेघ गर्जन साथै तीव्र हावा सहित वर्षा हुने सम्भावना छ ।
दक्षिण अनि उत्तर 24 परगना, पूर्व अनि पश्चिम बर्धमान, पूर्व अनि पश्चिम मेदिनीपुर, झाड़ग्राम, पुरुलिया, बाँकुड़ा, बीरभूम, मुर्शिदाबाद तथा नदिया जस्ता जिल्लाहरूको लागि विशेष अलर्ट जारी गरिएको छ। मौसम विभागले बताए अनुसार, यी जिल्लाहरूमा 30-40 किलोमीटर प्रतिघण्टाको गतिमा तीव्र हावा चल्नक्छ अनि केही स्थानहरूमा भारी वर्षा हुनेछ। उत्तर बंगालमा वर्षाको नयाँ चरण आगामी 8 जुलाईदेखि शुरू हुने सम्भावना छ। दार्जीलिङ, कालेबुङ, उत्तर एवं दक्षिण दिनाजपुरमा पनि भारी वर्षा हुने सम्भावना छ। आगामी पाँच दिनस्म राज्यभरि नै हल्कादेखि मध्यम वर्षा, मेघ गर्जन सहित मौसम अस्थिर रहनेछ।